नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )
सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७८/७९

चलानी नं.: ५६७

मिति :२०७९/०३/१६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सवै) ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको प.सं. ०७८/७९ च.नं.२५८ मिति २०७९/०३/१३ को पत्रसाथ प्राप्त दैनिक उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, मापदण्ड लगायतका विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दिलेन्द्रप्रसाद बडूज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम गर्ने गराउने आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

विभिन्न प्रकारका दैनिक उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, मापदण्ड लगायतका विषयमा केन्द्रित रही सम्बन्धित नियामक निकायले गरिरहेको कामकारबाहीलाई अझ प्रभावकारी र नतिजामुखी बनाई उपभोक्ताहरुको हक हित संरक्षण तथा स्वच्छ बजार प्रवर्द्धन गराउने विषयमा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूज्यूको अध्यक्षतामा मिति २०७९।३।१२ गते बसेको बैठकबाट देहाय बमोजिमको निर्णय गरिएको छ।

<u>निर्णयः</u>

१. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, सम्बन्धित सबै नियामक निकाय, सबै जिल्ला प्रशासन कार्यालय, सबै प्रदेश सरकार अन्तर्गतका उपभोक्ता हक हित संरक्षण हेर्ने मन्त्रालय/ निर्देशनालय/ कार्यालयहरु र सबै स्थानीय सरकारले २०७९/०३/१७ गते दिउँसो ११ बजे एकै समयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनको लागि सम्बन्धित मन्त्रालय मार्फत अनुरोध गर्ने।

२. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले निरीक्षण अधिकृत तोक्न बाँकी रहेका स्थानीय तह तथा सबै प्रदेश सरकार अन्तर्गतका उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण हेर्ने निर्देशनालय र कार्यालयका अधिकृतस्तरका कर्मचारीलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम २१ र २२ बमोजिम बजार निरीक्षण अधिकृत २०७९/०३/१७ तोक्ने।

३. भन्सार विभागबाट वस्तुको मूल्य, गुणस्तर र लेबलिङ्ग समेत हेरी मुल्याङ्कन तथा जाँचपासको व्यवस्था मिलाउने।

४. बजार अनुगमन निर्देशिका, २०७९ बमोजिम सबै नियामक निकाय र निरीक्षण अधिकृतले कार्ययोजना बनाई नियमित, सशक्त र प्रभावकारी रुपमा आम उपभोक्ताले अनुभुति गर्ने गरी बजार अनुगमन गर्ने र सो क्रममा भएका कार्यहरु तथा कारवाहीको सम्बन्धमा प्रत्येक सात/सात दिनमा संचार माध्यमबाट अनिवार्य रुपमा सार्वजनिक गर्ने।

५. औषधि व्यवस्था विभागबाट औषधि र औषधिजन्य सामाग्रीहरुको लेबलिङ्ग, मूल्य, गुणस्तर तथा सुरक्षाजन्य विषय समेत उल्लेख भएको सामान मात्र बिक्री वितरण हुने व्यवस्था मिलाउने।

६. अत्यावश्यक तथा दैनिक उपभोग्य वस्तु लगायत सम्पूर्ण वस्तु तथा सेवाको मूल्य, गुणस्तरको प्रभावकारी अनुगमन गर्ने तथा कालोबजारी गर्ने, कृत्रिम अभाव र मूल्य वृद्धि गर्ने, गुणस्तरहिन, म्याद गुज्रिएका सामान बिक्री वितरण गर्ने व्यवसायीलाई सम्बन्धित नियमनकारी निकायबाट कारवाही गर्ने ।

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

७. सबै नियामक निकाय र सबै जिल्ला प्रशासन कार्यालय, सबै प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्र पर्ने वस्तु/सेवा प्रदायकहरुसँग समन्वय गरी पेट्रोलियम पदार्थको मूल्य घटिसकेको हालको अवस्थामा वस्तु वा सेवाको लागत मूल्य तथा खुद्रा विक्री मूल्य सार्वजनिक सवारी साधन, यातायात,ढुवानी, कार्गो, हवाइ यातायात लगायतका सेवाहरुको मूल्य घटाएको वा नघटाएको सम्वन्धमा एकिन गर्ने ।

८. विषयगत नियामक निकायले आफ्नो नियमन विषय क्षेत्रभित्र पर्ने उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, सेवा प्रदायक र बिक्रेताको सूची अध्यावधिक गरी नतिजामुखी अनुगमनको आधार तयार गर्ने। साथै उल्लेखित सम्बद्ध पक्षले लिने गरेको मुल्य तथा उपलब्ध गराएको गुणस्तरको सम्बन्धमा द्वैमासिक रुपमा बैठक तथा विश्लेषण गरी सम्बन्धित नियामक निकायले आवश्यक निर्देशन गर्ने ।

९. सबै नियामक निकायले गरेका अनुगमन, जाँच तथा कारवाही सम्बन्धी एकीकृत तथ्याङ्क प्राप्त गर्न सहज बनाउने उद्देश्यले एक एकीकृत प्रणाली (Integrated Software) निर्माण गर्ने र तीन तहका सरकारका सबै नियामक निकायले साप्ताहिक रुपमा उक्त प्रणालीमा अनुगमन सम्बन्धी तथ्याङ्क अनिवार्य रुपमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने। यस सम्बन्धी कार्यको संयोजन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने ।

१०. नेपाल आयल निगम लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कारोबार गरिरहेका सबै वस्तुहरुको मूल्य, उपलब्धता, मौज्दात तथा विक्री प्रणालीको पारदर्शिता सुनिश्चित गर्न आ-आफ्नो Website मार्फत र मासिक रुपमा सञ्चार माध्यम मार्फत जानकारी गराउने ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय